
apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १४९ ● पृष्ठः ४ ● ०२ असार २०८३ मंगलबार (16 June 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



कानुनी झमेलामा सन्तोष साहः २ करोड २५ लाखको रेस्टुरेन्ट खरिदमा कहाँ भयो गडबडी ?

समाचार पृष्ठ ३

## अवैध बालुवा उत्खननविरुद्ध प्रहरीको कारबाही, ११ सवारी साधन नियन्त्रणमा

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०१ गते**



सिरहाका विभिन्न नदी तथा खोलामा भइरहेको अवैध बालुवा (ग्राभेल) उत्खननविरुद्ध प्रहरीले कारबाही गर्दै ११ वटा सवारी साधन नियन्त्रणमा लिएको छ। प्राकृतिक स्रोत-साधनको अनियन्त्रित दोहन रोक्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले संयुक्त रूपमा सञ्चालन गरेको अनुगमनका क्रममा ती सवारी साधनहरू नियन्त्रणमा लिइएको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक नरेश लिम्बुका अनुसार गोलबजार नगरपालिका-३ स्थित गागन खोलामा अवैध रूपमा बालुवा उत्खनन भइरहेको विशेष सूचनाका आधारमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले छापा मारेको थियो। अनुगमनका क्रममा उत्खनन गरी बालुवा लोड गरिरहेका ना.४ख ८३७३, ना.८ख १५१९, ना.४ख ३८११, ना.६ख ६९८८, म.प्र.०१-००१ क ०५१४, बा.प्र.०३-००१ क ०३३८, प्र.२-०१-००१ क ०१९० र म.प्र.०३-००१ क ३८९३ नम्बरका ८ वटा टिपर नियन्त्रणमा लिइएको उनले जानकारी दिए।

नियन्त्रणमा लिइएका ती टिपरहरूलाई आवश्यक कानुनी कारबाहीका लागि गोलबजार नगरपालिकामा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

त्यसैगरी, सोही दिन सिरहा नगरपालिका-१३ गम्हरिया स्थित कमला खोलामा अवैध उत्खनन भइरहेको सूचनापछि खटिएको प्रहरी टोलीले प्र.२-०-००१ ख ०२०३, लु.२ख १८७७ र ना.१ख ३५८१ नम्बरका दुई टिपर तथा एक स्काभेटर नियन्त्रणमा लिएको छ। ती सवारी साधनहरूलाई थप कारबाहीका लागि जिल्ला समन्वय समिति सिरहामा बुझाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार नदीजन्य पदार्थको अवैध उत्खननले नदीको प्राकृतिक बहावमा असर पार्नुका साथै वातावरणीय सन्तुलन बिगार्ने, नदी कटानको जोखिम बढाउने र आसपासका बस्तीलाई समेत जोखिममा पार्ने

बाँकी पृष्ठ ३ ▸▸

## मधेश सरकारले घटायो बजेटको आकार, के–के छन् विशेषता ?

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०१ गते**



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। यो बजेट अघिल्लो वर्षको तुलनामा करिब १३ प्रतिशतले सानो छ। गत आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारले ४६ अर्ब ५८ करोड रुपैयाँको बजेट ल्याएको थियो। बजेटको आकार घटेकाले यसलाई सामान्य रूपमा स्रोत अभावको परिणामका रूपमा बुझ्न सकिन्छ।

तर बजेट भाषण र प्राथमिकताहरूलाई गहिरिएर हेर्दा मधेश सरकारले यसपटक रकम थप्नेभन्दा पनि खर्च गर्ने शैली, कार्यक्रम सञ्चालनको तरिका र सरकारी संयन्त्रको कार्यक्षमता सुधारलाई केन्द्रमा राखेको देखिन्छ। त्यसैले यो बजेट रकमको होइन, कार्यप्रणाली परिवर्तनको दस्तावेज बन्न खोजेको देखिन्छ। विगत केही वर्षदेखि मधेश प्रदेशसहित अधिकांश प्रदेश सरकारहरू साना-साना योजना, राजनीतिक दबाबका कार्यक्रम, न्यून कार्यान्वयन क्षमता र कमजोर पुँजीगत खर्चका कारण आलोचित हुँदै आएका छन्।

बजेट विनियोजन हुने तर खर्च नहुने, एउटै प्रकृतिका योजनामा तीन तहका सरकारबाट दोहोरो लगानी हुने तथा अनुदान कार्यक्रमको प्रभावकारितामाथि प्रश्न उठ्ने अवस्था कायम थियो। यही पृष्ठभूमिमा प्रदेश सरकारले एक करोड रुपैयाँभन्दा कम लागतका योजनामा बजेट विनियोजन नगर्ने निर्णय गरेको छ। यो निर्णय

बाँकी पृष्ठ ४ ▸▸

## अनुदानको मल अनधिकृत बिक्रीमा, प्रशासनको छापा

### धान रोपाइँको मुखमा १३ बोरा युरिया बरामद, कालोबजारीको आशंकामा अनुसन्धान सुरु

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०१ गते**




किसानका लागि सरकारले अनुदानमा उपलब्ध गराएको युरिया मल सिरहामा अनधिकृत रूपमा बिक्री भइरहेको अवस्थामा १३ बोरा मल बरामद गरिएको छ। धान रोपाइँको मुख्य सिजनमै अनुदानको मल बजारमा बिक्री भइरहेको सूचना पाएपछि जिल्ला प्रशासन कार्यालय सिरहाको संयुक्त अनुगमन टोलीले छापा मारेर उक्त मल नियन्त्रणमा लिएको हो।

विशेष सूचनाका आधारमा गरिएको अनुगमनका क्रममा धनगढीमाई नगरपालिका-१० स्थित भरत प्रधान सञ्चालित प्रधान किराना पसलबाट ३३ केजी दरका १३ बोरा युरिया मल बरामद गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी

बाँकी पृष्ठ ४ ▸▸

## छिन्नमस्ता गाउँपालिकाबाटै कर सेवा सुरु, अब प्यान र कर चुक्ताका लागि राजविराज जानु नपर्ने

**अपन दैनिक संवाददाता**
**राजविराज, असार ०१ गते**




सप्तरीको छिन्नमस्ता गाउँपालिकाले आफ्नै कार्यालयबाट करदाता सेवा सञ्चालनमा ल्याएको छ।

करदाता सेवा कार्यालय राजविराजले प्रदान गर्दै आएका सेवाहरू अब छिन्नमस्ता गाउँपालिकाको कार्यालयबाटै उपलब्ध हुन थालेका हुन्।

यो सेवा सुरु भएसँगै गाउँपालिकावासीले करसम्बन्धी कामका लागि सदरमुकाम राजविराज धाउनुपर्ने बाध्यताको अन्त्य भएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए।

अब गाउँपालिकाबाटै व्यवसायिक प्यान, व्यक्तिगत स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र जस्ता महत्त्वपूर्ण सेवाहरू सहज रूपमा प्राप्त गर्न सकिने उनले बताए।

बाँकी पृष्ठ ३ ▸▸


## कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं।
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं।
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं।
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं।
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं।
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं।
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं।
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### नसर्ने रोग नियन्त्रण र स्वस्थ जीवनशैलीको अभियान

नेपालमा नसर्ने रोग -नन-कम्युनिकेबल डिजिज) का कारण हुने मृत्युको दर निरन्तर बढ्दै जानु चिन्ताको विषय बनेको छ । स्वास्थ्यकर्मीहरूका अनुसार देशमा हुने कुल मृत्युको करिब ७१ प्रतिशत हिस्सा यिनै रोगका कारण हुने गरेको तथ्यले समस्या कति गम्भीर छ भन्ने स्पष्ट पार्छ। मुटुरोग, उच्च रक्तचाप, मधुमेह, क्यान्सर, श्वासप्रश्वाससम्बन्धी रोग तथा मिर्गौलाका रोगहरू आज नेपाली समाजका प्रमुख स्वास्थ्य चुनौतीका रूपमा स्थापित भएका छन् । नसर्ने रोगहरूलाई ...साइलेन्ट किलर' भनिनुको कारण पनि यही हो कि यी रोगहरूले प्रारम्भिक चरणमा स्पष्ट लक्षण नदेखाई शरीरलाई गम्भीर क्षति पुर्‍याउँछन् । धेरैजसो व्यक्तिले रोग जटिल अवस्थामा पुगेपछि मात्र स्वास्थ्य परीक्षण गराउने भएकाले उपचार कठिन र खर्चिलो बन्ने गरेको छ। यसले परिवारको आर्थिक अवस्था मात्र होइन, समग्र राष्ट्रिय उत्पादकत्वमा समेत नकारात्मक प्रभाव पार्छ।

यस्ता रोगहरूको वृद्धि हुनुका पछाडि बदलिँदो जीवनशैली प्रमुख कारणका रूपमा देखिएको छ। असन्तुलित खानपान, शारीरिक श्रमको कमी, अत्यधिक मदिरा सेवन, सुर्तिजन्य पदार्थको प्रयोग तथा प्रशोधित र जंक फुडको बढ्दो प्रयोगले मानिसहरूलाई रोगको जोखिमतर्फ धकेलिरहेको छ । आधुनिकताको नाममा बढ्दो निष्क्रिय जीवनशैलीले स्वास्थ्यमा गम्भीर असर पुर्‍याइरहेको छ । नसर्ने रोगको नियन्त्रणका लागि उपचारभन्दा रोकथामलाई प्राथमिकता दिन आवश्यक छ । हरियो सागसब्जी, फलफूल, ताजा तरकारी, दूध, दही, माछा तथा अन्य पौष्टिक खाद्य पदार्थको नियमित सेवन, दैनिक व्यायाम, पर्याप्त शारीरिक गतिविधि र मानसिक तनावको व्यवस्थापनले यस्ता रोगहरूको जोखिम उल्लेखनीय रूपमा घटाउन सक्छ। साथै, नियमित रूपमा रक्तचाप, रगतमा चिनीको मात्रा, तौल तथा मिर्गौलाको कार्यक्षमता परीक्षण गराउनु पनि उत्तिकै आवश्यक छ।

नसर्ने रोग नियन्त्रण स्वास्थ्य क्षेत्रको मात्र जिम्मेवारी होइन। शिक्षा क्षेत्रले स्वास्थ्य सचेतना बढाउनुपर्छ, कृषि क्षेत्रले सुरक्षित र पोषणयुक्त खाद्य उत्पादनमा जोड दिनुपर्छ, स्थानीय सरकारले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ र सञ्चारमाध्यमले स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने अभियानलाई निरन्तरता दिनुपर्छ। समुदाय र परिवारस्तरबाट समेत सकारात्मक व्यवहार परिवर्तनको पहल हुन आवश्यक छ । नसर्ने रोगको बढ्दो चुनौतीलाई समयमै सम्बोधन गर्न सकिएन भने यसले भविष्यमा नेपालको स्वास्थ्य प्रणालीमाथि थप बोझ सिर्जना गर्नेछ। त्यसैले स्वस्थ जीवनशैलीलाई व्यक्तिगत छनोटको विषय मात्र नभई राष्ट्रिय प्राथमिकताको अभियानका रूपमा अगाडि बढाउनुपर्छ। स्वस्थ नागरिक नै समृद्ध राष्ट्रको आधार भएकाले आजको सचेतना र सावधानीले भोलिको ठूलो स्वास्थ्य समस्या हटाउन सकिनेछ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# वालेन्द्रका मन्त्रीहरूको 'बेलगाम' बोली







नागढुंगा-मुग्लिङ सडक योजनाको निरीक्षण गर्न पुगेका पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले ठेकेदारको 'खुट्टा भाँच्ने' धम्की दिए । आइतबार सडक योजनाको निरीक्षण गर्न गएका मन्त्री लम्सालले आक्रोशित भएर भने, 'यिनीहरूको यो जुन पोल छ, बिजुलीको पोलको कन्ट्र्याक्ट कहाँ छ ? यो धर्तीमा कहाँ छ ? त्यसलाई खोजेर यहाँ लिएर आउनू । त्यसलाई पनि यहाँ राख्नू । घर पठाउने होइन । त्यसले काम गरेन भने खुट्टा भाँचिदिनू, मतलब भएन ।'

उनले ठेकेदारहरूलाई राम्ररी काम लगाउनुपर्ने बताए । 'यिनीहरूले चाँडैभन्दा चाँडै पोल सार्न पर्‍यो । यहाँका पब्लिकले धेरै दुःख पायो । उनीहरूलाई काम लगाउनपर्‍यो राम्रोसँग', उनले भने। मन्त्री लम्सालले यसो निर्देशन दिइरहँदा मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल, धादिङकी प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डे र प्रहरी उपरीक्षक सुमित खड्का त्यहीँ थिए ।

मन्त्रीजस्तो ओहदामा बसेका व्यक्तिले ठेकेदारको 'खुट्टा भाँच्ने' दिएको धम्की विवादमा परेको छ। लम्सालको यो भनाइसहितको भिडियो सामाजिक सञ्जालमा 'भाइरल' बनेको छ।

धादिङकी प्रजिअ पाण्डेले आफूले मन्त्री लम्सालले काम गर्न भनेर निर्देशन दिएको सुनेको बताएकी छन्। पूर्वाधार विकासमन्त्री लम्सालले दिएको अभिव्यक्ति केही महिनाअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता एवं प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले चुनाव प्रचारप्रसारका क्रममा गरेको सम्बोधनसँग ठ्याक्कै मेल खान्छ।

फागुन २१ को चुनावअघि प्रचारप्रसारका क्रममा सुदूरपश्चिम पुगेका बेला बालेन्द्रले निर्माण व्यवसायीसँग सम्बन्धित प्रसंगमा यस्तै अभिव्यक्ति दिएका थिए। उनले भनेका थिए, 'दुई वर्षमा बन्ने बाटो २० वर्षमा पनि बन्दैन, डेढ वर्षमा बन्नुपर्ने हाम्रो एजेन्डा हो । रूखमा बाँधेर हुन्छ कि, बाटोमा सुताएर हुन्छ कि, खोरमा जाकेर हुन्छ, बाटो बन्नुपर्छ।'

त्यो बेला रास्वपाका तर्फबाट प्रस्तावित प्रधानमन्त्रीका उम्मेदवार वालेन्द्रको यो अभिव्यक्तिको चर्को आलोचना भयो । रास्वपाका वरिष्ठ नेता बालेन्द्र झापा-५ मा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पराजित गरेर प्रधानमन्त्रीको कुर्सीमा आसीन छन्।

वालेन्द्रले चुनाव प्रचारप्रसारका बेला दिएको अभिव्यक्तिको निर्माण व्यवसायीहरूले चर्को विरोध गरेका थिए । उनीहरूले निर्माण व्यवसायीलाई अपमानित गर्ने गरी आएको अभिव्यक्तिका लागि माफी माग्नुपर्ने माग गरेका थिए।

प्रधानमन्त्री पदमा आसीन भएयता वालेन्द्रले धम्कीपूर्ण भाषाको प्रयोग नगरे पनि संसद्मा अकस्मात् उपस्थित भएर सीमा सम्बन्धमा दिएको उनको अभिव्यक्ति विवादित बन्यो। 'भारतले मात्रै होइन, नेपालले पनि भारतको जग्गा मिचेको छ' भनेर संसद्को रोस्ट्रमबाटै आएको यो विवादित अभिव्यक्तिले अझै उनलाई पछ्याइ रहेको छ। यो विवादित अभिव्यक्तिका लागि प्रधामन्त्रीले माफी माग्नुपर्ने माग राखेर विपक्षी दलहरूले झन्डै एक साता प्रतिनिधिसभा बैठक अवरूद्ध पारे।

प्रधानमन्त्री वालेन्द्र जवाफ दिन आफैँ त संसद्मा उपस्थित भएनन्, परराष्ट्रमन्त्रीले प्रस्टीकरण दिएपछि संसद्को अवरोध हटेको थियो । सत्ता सञ्चालनको कुर्सीमा बसेर 'धम्कीपूर्ण' भाषाको प्रयोग गर्ने पूर्वाधारमन्त्री लम्साल पहिलो व्यक्ति होइनन्। उनीभन्दा पहिले अर्थमन्त्री स्वर्णिम वाग्लेले 'धम्कीयुक्त' भाषा प्रयोग गरिसकेका छन्, त्यो पनि संसद्को रोस्टमबाट प्रतिनिधिसभा सदस्यहरूका लागि।

मन्त्री लम्सालले खुट्टा भाँच्ने अभिव्यक्ति दिएपछि नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले टिप्पणी गरेका छन् । उनले प्रधानमन्त्री बालेन्द्रलाई आफ्ना मन्त्रीहरूको बोलीमा लगाम लगाउन सुझाव दिएका छन् । 'हामी यस्तै समाजतर्फ जाँदै छौँ प्रधानमन्त्री ज्यू ?,' शर्माले भिडियो सन्देशमा भनेका छन्, 'कम्तीमा आफ्ना मन्त्रीहरूको बोलीमा लगाम लगाउनुस् ।' उपसभापति शर्माले चुनावका बेला प्रधानमन्त्री वालेन्द्रले दिएको यस्तै खाले अभिव्यक्तिको पनि चर्चा गरेका छन्।

गत बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा बजेटमाथि छलफलका क्रममा उनले प्रश्न सोध्ने सांसदहरूलाई इंगित गर्दै धम्कीपूर्ण भाषाको प्रयोग गरेका थिए । करका विषयमा प्रश्न उठाउने सांसदहरूलाई अर्थमन्त्री वाग्लेले पुराना काण्ड सार्वजनिक हुने चेतावनी दिए । 'तपाईंहरूका काण्डबारे हामी अनभिज्ञ हो र ? ती पनि खुल्नेछ,' उनले भनेका थिए । सांसदहरूले सदनको ओज घटाउन नहुने उनको भनाइ थियो।

'स्वर्णिम वाग्लेले कुटकुट अर्थ मन्त्रालयमा बसेर करसर चलाएर व्यापारी पोस्यो भन्ने खालका पनि सुनिए,' वाग्लेले भनेका थिए, 'सांसदहरूले आफ्नो गरिमा आफैँ राख्नुपर्छ, सम्मानित सदनको ओज घटाउने कामतिर हामी लाग्नु हुँदैन ।' बजेटमा कर हेरफेर गरेको लागेको आरोप प्रतिवाद गर्दै उनले बेइमानी भएको प्रमाणित भए सार्वजनिक जीवन त्याग गर्ने बताएका थिए।

'मैले आज सार्वजनिक लेखा समितिमा पनि भनेँ, एक दुईवटा खोस्टाहरूले लेखे कि दुई अर्बको आशंका इत्यादि भने,' वाग्लेले भनेका थिए, 'दुई अर्ब होइन, दुई रुपैयाँ बदमासी, बेइमानी मबाट भएको छ भने म मन्त्री पद त्यागिदिन्छु, सार्वजनिक जीवनै त्याग्न पनि तयार छु।'

सांसदहरूको फाइल खुल्ने भनेर अर्थमन्त्री वाग्लेले दिएको चेतावनीको जवाफ सोमबार नेकपा एमाले संसदीय दलका उपनेता पद्मा अर्यालले दिएकी छन्। उनले एमालेको सरकार जोडिएका सबै प्रकरणको फाइल खोल्न अर्थमन्त्रीलाई चुनौती दिइन्।

अर्यालले भनिन्, 'उहाँले फाइल खोल्ने धम्की कसलाई दिनुभएको छ ? टी स्टेटको फाइल एक नम्बरमा खोलियोस्, त्यसपछि विपक्षीसँग जोडिएका ओम्नी, वाइडबडीको फाइल खोलियोस्, साँच्चै कुरा बाहिर ल्याइयोस् ।' बजेटमाथि उठेका प्रश्नको जवाफ दिने क्रममा अर्थमन्त्रीले गैरजिम्मेवारपूर्ण शैली अपनाएको उनले आरोप लगाइन्।

'सरकारकै जिम्मेवार व्यक्तिहरू, सरकारकै जिम्मेवारी लिएका मन्त्रीहरू नाँगै आएर आरोपित गर्ने, धम्काउने अनि रास्वपालाई कमजोर बनाउनका निम्ति विभिन्न खालका कान्डहरूका फाइल देखाउँछु भनेर जुन खालको अभिव्यक्ति दिएर धम्काइरहनुभएको छ, यो त सरासर गलत चिज छ, खेदजनक छ,' उनले भनिन्।

काठमाडौँ-४ का प्रतिनिधिसभा सदस्य उम्मेदवार एवं नेपाली कांग्रेसका नेता सचिन तिमिल्सिना ठेकेदारको खुट्टा भाँचिने भन्ने पूर्वाधारमन्त्री लम्सालको अभिव्यक्तिलाई ढुंगेयुगसँग तुलना गरेका छन् । 'कुटेर, ठोकेर, जलाएर खुट्टा भाँचेर देश बन्छ कि बन्दैन त देश बनाउने टोलीलाई थाहा होला, तर यसैगरी चलेको भए मानव सभ्यता चाहिँ ढुंगे युगमै हुन्थ्यो,' उनले सामाजिक सञ्जालमा लेखेका छन्।

सरकारका जिम्मेवार पदाधिकारीहरू बाटै पछिल्लो समय आइरहेको धम्कीपूर्ण र विवादित अभिव्यक्तिका कारण स्वयं रास्वपाका नेता एवं सांसद्हरूलाई असहज स्थिति सिर्जना भएको छ । प्रधानमन्त्री वालेन्द्रको सीमासम्बन्धी अभिव्यक्तिबारे एक टेलिभिजन अन्तरवार्तामा सोधिएको प्रश्नमा रास्वपा सांसद रञ्जु दर्शना नाजवाफ भइन् । प्रधानमन्त्री र सरकारका मन्त्रीहरूका तर्फबाट निरन्तर आइरहेका विवादित अभिव्यक्तिलाई रास्वपा नेतृत्व चिर्न नसक्ने अवस्थामा पुगेका छन्।

## आजको राशिफल

**मेष :** वैदेशिक क्षेत्रमा गरेको श्रम लगानीबाट फाइदा हुनेछ। उत्तरको लामो यात्रा नगर्नु राम्रो हुनेछ।

**बृष :** बोलीमा मिठास रहेको छ। बोलीको प्रभावले राम्रो काम बन्नेछ। खानपानमा ख्याल नगर्दा रोग बढ्नेछ।

**मिथुन :** काममा अवरोध सिर्जना हुनेछ। भोलेबाबाको मन्दिरको दर्शन गरेमा दिन सहज बन्नेछ।

**कर्कट :** श्रमको राम्रो प्रतिफल प्राप्त हुनेछ। नव आगन्तुकको आगमन हुनसक्छ।

**सिंह :** सोचेका काम बन्नेछन् । साथीको सहयोग प्राप्त हुनेछ । अध्ययनमा प्रगति हुनेछ।

**कन्या :** आम्दानीको दृष्टिले महत्त्वपूर्ण दिन रहेको छ । बौद्धिक व्यक्तिसँगको भेटले नयाँनयाँ कामको तय हुनेछ।

**तुला :** धन आर्जन गर्ने दिन छ। बौद्धिक तथा राजनीतिक क्षेत्रको लगानीबाट आम्दानी बढ्नेछ।

**वृश्चिक :** चन्द्रमाले तपाईंको राशिमा गोचरी गर्दैछन् । जसका कारण मन शान्त हुनेछ।

**धनु :** आज तपाईंको प्रशंसा हुनेछ। वैदेशिक क्षेत्रमा गरेको लगानी र श्रमबाट फाइदा हुनेछ।

**मकर :** शिक्षाको लगानीमा लाभ हुनेछ। स्वास्थ्य क्षेत्रमा राम्रो प्रगति हुनेछ।

**कुम्भ :** परिवार र समाजमा तपाईंको कमजोरीको खोजी हुनेछ। साना कुरामा झन्झट बढ्नसक्छ।

**मीन :** ग्रह कमजोर भएकाले झुटा आरोप लाग्न सक्छन् । बिहानै गणेशको पूजा गर्नाले मन शान्त हुनेछ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

○ ग्राहक बन्नु परेमा ।
○ नवीकरण गर्नु परेमा ।
○ ठेगाना परिवर्तन भएमा ।
○ पत्रिका नियमित नआएमा ।
**सिधा सम्पर्क ०३३-५२१२१४**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।


**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | ULI२१०००००५०७ | सोस्तिका सापकोटा | लखनपुर ०३, झापा |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

# कानुनी झमेलामा सन्तोष साह:

## २ करोड २५ लाखको रेस्टुरेन्ट खरिदमा कहाँ भयो गडबडी ?



**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०१ गते**

चर्चित सेफ सन्तोष साह यतिबेला प्रहरी हिरासतमा छन्। सोमबार मात्र उनलाई कम्तीमा तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले जिल्ला अदालत काठमाडौंबाट अनुमति पाएको छ।

प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले उनलाई ठगी आरोपमा जनकपुरमा पक्राउ गरेर जेठ ३० गते काठमाडौं ल्याएको थियो। उनीसँगै समातिएका नारायण साह सुडीमाथि पनि प्रहरीले अनुसन्धान गरिरहेको छ। उनी मिथिला थाली रेस्टुरेन्टका साझेदार हुन्।

सन्तोषको विवाद गैरीधारास्थित शिला रेस्टुरेन्टसँग सम्बन्धित छ, जुन उनको समूहले आर्जब होल्डिङ प्रालिबाट २ करोड २५ लाखमा खरिद गरेको थियो। आर्जब र मिथिला थालीबीच पहिलो सम्झौता २०८१ जेठ २४ मा भएको थियो, यसमा संशोधन गर्दै दुई पक्षबीच २०८१ भदौ १७ मा दोस्रो सम्झौता भयो। जहाँ आर्जबका तर्फबाट सचिन भण्डारी र मिथिलाबाट रामहित साहले प्रतिनिधि छन्, सन्तोष साहले साक्षीका रुपमा हस्ताक्षर गरेका छन्।

बैनाबापत मिथिलाले आर्जबलाई १५ लाख दिने दुई पक्षबीच सम्झौता भएको थियो। रेस्टुरेन्टले तिर्नुपर्ने भाडाबापतको ३८ लाख ५० हजार रुपैयाँ पनि मिथिलाले नै तिर्नुपर्ने उल्लेख छ। खरिदकै रकममा मिलान हुने गरी विद्युत् प्राधिकरणलाई दिनुपर्ने २ लाख ७७ हजार ९७७ समेत मिथिलाले तिर्नुपर्ने दुई पक्षबीच सम्झौता छ।

यस्तै, नेपाल बैंकमा रहेको आर्जबको ऋण १ करोड ३५ लाख ८१ हजार ६६ रुपैयाँ पनि सम्झौतापछि मिथिलाले नै तिर्ने उल्लेख छ। खरिद रकमको बाँकी ३२ लाख ९० हजार ९ सय ३५ रुपैयाँमध्ये १५ लाख २०८१ भदौमा र १७ लाख ९० हजार ९ सय ३५ रुपैयाँ असोजमा तिर्ने गरी मिथिला सहमत हुन्छ, सोहीअनुसार सम्झौतापत्र तयार हुन्छ।

तर, नेपाल बैंकमा रहेको ऋण चुक्ता नगरेपछि भने आफूहरू निकै तनावमा रहेको आर्जबकी एक सञ्चालक बताउँछिन्। कर्जा भुक्तानी अनियमित भइसकेको भन्दै बैंकले कालोसूचीमा राख्ने प्रयोजनका लागि अग्रिम ३५ दिने सूचना २०८१ चैत १३ मा पठाएको उनको भनाइ छ।

'अन्तत बैंकले अन्तिम भुक्तानीका लागि २०८२ वैशाख २ मा सातदिने सूचना निकाल्यो तर उक्त अवधिमा पनि ऋण चुक्ता हुन सकेन,' उनले भनिन्, 'बैंकले पटकपटक ताकेता गर्दा पनि थालीले ऋण नतिरेपछि हामी निकै मानसिक तनावमा पर्‍यौं। लिलामी प्रक्रियामै गइसकेपछि आफ्नो सम्पत्ति जोगाउन हामीले नै किस्ता तिरिरहेका छौं। त्यो रकम त सम्झौता अनुसार मिथिलाले तिर्नुपर्‍यो नि।'

रेस्टुरेन्ट खरिदपछि मिथिला पक्षले दिएको चेक बाउन्स भएपछि आर्जबका तर्फबाट शकुन्तला अधिकारी (थापा) ले २०८२ जेठ ३० मा जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेकी थिइन्। मिथिला थालीको नाममा रहेको नबिल बैंकबाट विभिन्न मितिमा दुईपटक ८/८ लाख र ९ लाख चेक जारी गरे पनि बैंकमा तोकिएको रकम नभएपछि झिक्न नमिलेको रिटमा दाबी छ। साढे ४ लाखको अर्को चेकमा भने नियतवश कम्पनीको छाप नलगाईकन दिइएको भन्दै काठमाडौं प्रहरी परिसरमा ठगीको मुद्दा परेको हो।

अदालतले धरौटीबापत जनही (सन्तोषसहित नारायण साह सुडी, दिलिपकुमार साह र रामहित साह) २५ हजार माग गरी तारेखमा राख्न र नदिए थुनुवा पुर्जी दिई थुनामा राख्न २०८२ पुस १४ गते थुनछेक आदेश गरेको थियो। यसबीच मिथिलापक्ष निषेधाज्ञा रिट लिएर अदालत पुगेको थियो।

बैंकिङ कसुर मुद्दामा २०८२ फागुन २५ मा न्यायाधीश खिमानन्द भुसालको इजलासले फैसला गर्‍यो। त्यसमा सन्तोषसहित चारै जनालाई जनही बिगो २५ लाखको ५ प्रतिशतले हुने १ लाख २५ हजार जरिवाना र एक महिना कैद सजाय सुनाइयो। पुर्पक्षका लागि धरौटी २५ हजार बुझाएपछि उनीहरू तारेखमा रिहा भएका थिए। फैसलामा भनिएको छ, 'मुद्दा पुर्पक्षका लागि तारेखमा रहेको देखिँदा निज प्रतिवादीहरूलाई लागेको बेरुजु जनही एक महिना कैद असुल गर्न तथा जरिवाना रकम निजहरूले राखेको धरौटीबाट असुल उपर गर्नू।'

मिथिला थालीतर्फका अधिवक्ता दीपक दुवेले अहिले पक्राउको विषय आफूलाई जानकारीमा नभएको बताए। 'यसअघिका निषेधाज्ञाका मुद्दामा मैले बहस गरेको हुँ। त्यो धेरै अगाडि टुंगिसक्यो। तर अहिलेको विवाद केको हो मलाई जानकारी छैन,' उनले भने, 'सरकारी आधिकारिक अभियोगपत्र आएपछि मात्रै हेरेर बोल्न मिल्यो। अहिले थप भन्न सकिन्न।'

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईले ठगीसम्बन्धी कसुरमा आदेशसमेत भइसकेकाले आफूहरूले अदालतबाट थप समय लिएर अनुसन्धान गरिरहेको बताए।

# रावल आयोगको प्रतिवेदनमा उल्लेख भएका अतिक्रमित जग्गा हकहस्तान्तरण नगर्न सरकारको निर्देशन



**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०१ गते**

सरकारले सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन कार्यान्वयन प्रक्रिया अघि बढाएको छ।

प्रतिवेदनमा उल्लेख भएका अतिक्रमित सबै सरकारी तथा सार्वजनिक जग्गा कुनै पनि व्यहोराले हकहस्तान्तरण हुन नपाउने गरी रोक्का प्रक्रिया सुरु गरिएको हो।

भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागलाई पत्राचार गर्दै आयोगको प्रतिवेदनमा समावेश अतिक्रमित जग्गा कुनै पनि व्यक्तिको नाममा किनबेच, नामसारी वा अन्य कुनै माध्यमबाट हक हस्तान्तरण हुन नपाउने गरी रोक्का गर्न पत्रचार गरेको छ।

मन्त्रालयका अनुसार सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन नेपाल सरकारसमक्ष पेश भइसकेको छ। उक्त प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ भने कार्यान्वयनलाई प्रभावकारी बनाउन आठ सदस्यीय समिति समेत गठन गरिएको छ।

मन्त्रिपरिषद्को निर्णयअनुसार प्रतिवेदनमा उल्लेख भएका जग्गाको स्वामित्व परिवर्तन रोक्न भूमि व्यवस्थापन तथा अभिलेख विभाग तथा नापी विभागमार्फत आवश्यक प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ।

## अवैध बालुवा उत्खननविरुद्ध प्रहरीको ...........

भएकाले यस्ता गतिविधिविरुद्ध निगरानी र कारबाहीलाई निरन्तरता दिइनेछ।

जिल्ला प्रहरी कार्यालय सिरहाले प्राकृतिक स्रोत-साधनको संरक्षण राज्य, स्थानीय तह र नागरिक सबैको साझा दायित्व भएको उल्लेख गर्दै अवैध उत्खनन तथा ढुवानीमा संलग्न नहुन सर्वसाधारण, व्यवसायी तथा सवारी चालकलाई आग्रह गरेको छ। साथै कानुनविपरीतका गतिविधिमा संलग्न जोसुकैमाथि पनि प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी दिएको छ।

पछिल्लो समय मधेश प्रदेशका विभिन्न जिल्लामा नदीजन्य पदार्थको अवैध उत्खनन बढ्दै गएको गुनासो आइरहेका बेला सिरहामा एकै दिन ११ वटा सवारी साधन नियन्त्रणमा लिनुलाई प्रहरीको उल्लेखनीय कारबाहीका रूपमा हेरिएको छ।

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०१/०५ गतेका दिन घर देखि सिरहा आउने क्रममा मेरो नेपाल स्वास्थ्य व्यवसायी परिषद्को सर्टिफिकेट हराएको हुदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध गर्दछु।

नाम: प्रदिप कुमार महतो
ठेगाना: फुलकहाकट्टी-४, सिरहा
रजिष्ट्रेशन नं.: C-477 DH मो.नं. ९७६९७९३३३२

# गर्मीबढेसँगै सर्पदंशका बिरामीको संख्यामा वृद्धि

**अपन दैनिक संवाददाता**
**महोत्तरी, असार ०१ गते**

महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित प्रादेशिक अस्पताल जलेश्वरमा सर्पले डसेका बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ।




प्रादेशिक अस्पताल जलेश्वरका आकस्मिक कक्षमा कार्यरत स्वास्थ्यकर्मी रामउदित यादवका अनुसार अहिले यस अस्पतालमा दैनिक रुपमा पाँच जनासम्म सर्पले डसेका बिरामी उपचारका लागि आउने गरेका छन्।

जिल्लामा केही दिनदेखि अत्यधिक गर्मीका कारण विषरहित विभिन्न तथा विषालु प्रजातिका सर्पले हिँडिरहेका तथा खेतबारी काम गर्न पुगेका व्यक्तिलाई डस्ने क्रम बढ्दो छ। उपचारका लागि अस्पतालमा पुग्नेमध्ये बढी बिरामी विषरहित सर्पले टोकेको तथा केही मात्रै विषालु सर्पले टोकेको बिरामी आउने गरेको उनले जानकारी दिए।

महोत्तरीमा विषरहित ढोरिया र हरहरा तथा विषालु सबैभन्दा बढी करेत र गोमन सर्पहरु बढी पाइने गरेको छ। गत वैशाख महिना मात्रै २३ जना सर्पले डसेका बिरामी उपचारका लागि अस्पताल पुगेकामा जेठमा त्यो सङ्ख्या बढेर ५६ जना पुगेको छ।

महोत्तरीका १० वटै नगरपालिका र पाँच गाउँपालिकामा गर्मीयाममा सर्पको जोखिम रहेको छ। अस्पतालमा सीमापारी भारतको विभिन्न ठाउँठाउँबाट पनि बिरामी उपचारको लागि आउने गरेको अस्पतालले जनाएकोछ। अस्पताल प्रशासनका अनुसार सर्पले डसेको बिरामीलाई दिइने एन्टिभेनम (औषधि) पर्याप्त मात्रामा रहकाले उपचारमा समस्या भने रहेको छैन।

अस्पतालमा आइसियु कक्ष नरहेकाले विषालु सर्पले डसेर आउने उच्च जोखिमका बिरामीलाई थप उपचार गर्न अन्य अस्पतालबाट रेफर गर्नुपर्ने बाध्यता भने रहेको देखिन्छ।

## छिन्नमस्ता ...........

चौधरीका अनुसार स्थानीय तहबाटै सेवा प्रवाह हुँदा नागरिकको समय बचत हुनुका साथै यातायात र अन्य अतिरिक्त खर्चमा समेत उल्लेख्य कमी आउनेछ। 'स्थानीय सरकारको पहुँचलाई प्रभावकारी र नागरिकमैत्री बनाउँदै जनतालाई छिटो-छरितो सेवा दिने दिशामा यो एउटा महत्त्वपूर्ण उपलब्धि हो,' अध्यक्ष चौधरीले भने।

नेपाल सरकारको स्थानीय तहबाटै स्थायी लेखा नम्बर (प्यान) वितरण गर्ने र आन्तरिक राजस्व विभागका सेवाहरूलाई स्थानीय तहमार्फत नै प्रवाह गर्ने नीति अनुरूप यो कार्यको सुरुवात गरिएको हो।




## बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

**सावधानी अपनाऔं, सुरक्षित रहौं।**

**गोलबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गोलबजार**
मधेश प्रदेश, सिरहा (नेपाल)

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# जनमतको नयाँ राजनीतिक चाल: राष्ट्रिय वैकल्पिक मोर्चा गठन अभियान सुरु

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०१ गते**

डा. सीके राउत नेतृत्वको जनमत पार्टीले समान राजनीतिक सोच, सिद्धान्त र लक्ष्य भएका दलहरूलाई एकै ठाउँमा ल्याउने उद्देश्यसहित 'राष्ट्रिय वैकल्पिक मोर्चा' गठनको पहल गर्ने निर्णय गरेको छ।

यस अभियानअन्तर्गत जनमतले श्रम संस्कृति पार्टी, उज्यालो नेपाल पार्टी र प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) सँग मोर्चाबन्दीका लागि औपचारिक पहल अघि बढाउने भएको हो।



पार्टीले वैकल्पिक राजनीतिक शक्तिहरूबीच सहकार्य, एकीकरण र साझा मोर्चा निर्माणका सम्भावनामा संवाद अगाडि बढाउन वार्ता संयन्त्रसमेत बनाएको जनाएको छ।

केन्द्रीय सचिवालय प्रमुख राजेशकुमार मण्डलका अनुसार यस प्रयोजनका लागि नरेन्द्र चौधरीको संयोजकत्वमा तीन सदस्यीय वार्ता कार्यदल गठन गरिएको छ। कार्यदलमा डा. जयकान्त राउत र प्रमोदकुमार गुप्ता सदस्य रहेका छन्।

जनमत पार्टीको यो कदमलाई परम्परागत राजनीतिक शक्ति संरचनाबाहिर वैकल्पिक राजनीतिक ध्रुव निर्माण गर्ने प्रयासका रूपमा हेरिएको छ।

# ५६ करोड भ्रष्टाचार मुद्दामा बागमतीका निलम्बित मेयर थापासहित ८ जनाको सुनुवाइ सर्‍यो

**अपन दैनिक संवाददाता**
**सर्लाही, असार ०१ गते**

सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापासहित ८ जनाविरुद्धको भ्रष्टाचार मुद्दाको सुनुवाइ असार १५ गतेका लागि पेसी सरेको छ। सोमबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्यहरू डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासमा सुनुवाइका लागि पेसी तय भएको मुद्दा 'हेर्न नभ्याइने' भएपछि पेसी सरेको हो।



यो मुद्दामा यसअघि ४ पटक साक्षी बुझ्ने आदेश भइसकेको छ भने एक पटक बहस नोट मगाउने आदेश भएको छ। २०८२ जेठ ४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेयर थापासहित उपमेयर लिलाकुमार मोक्तान र पूर्वमन्त्री विजयकुमारविरुद्ध जनही ५६ करोड ७१ लाख रुपैयाँ बिगो माग दाबी गरेको थियो।

त्यस्तै विमलकुमार पोखरेल, सागर पौडेल, विश्वराज पोखरेल, निरञ्जन लामिछाने, विजयकुमार, गोकुल भुजेल र लीला कुमारी मुक्तानलाई विपक्षी बनाइएको छ। निलम्बित मेयर थापासहितले माछापोखरी निर्माणका नाममा पोखरीसमेतका गैरकानुनी संरचना निर्माण गरी साबिक वन ऐन, २०४९ तथा प्रचलित वन ऐन, २०७६ बमोजिम कसुर गरेको अभियोग छ।

आयोगका अनुसार बागमतीको वडा नं. ४ र १२ मा पर्ने सागरनाथ वन विकास परियोजनाको वन क्षेत्र अतिक्रमण गरी ढुङ्गा, गिट्टी, बालुवा र माटो उत्खनन गरेर बनेको खाल्डोमा माछापोखरी निर्माणका नाममा सङ्घ र प्रदेशबाट करोडौं रकम माग गरी हिनामिना गरेको अभियोग छ।

मधेश प्रदेश सरकारबाट पटक-पटक माछाविहीन पोखरीका लागि अनुदान लिइएको, निर्माण पुरा नभएको अवस्थामा तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्री विजयकुमारले एमओयूमा हस्ताक्षर गरी ३० करोड रुपैयाँ अनुदान दिएको अभियोग पनि लगाइएको छ। यसको राम्रो हेडलाइन चाहियो।

## मधेश सरकारले घटायो बजेटको आकार ............

केवल प्रशासनिक व्यवस्था मात्र होइन, प्रदेश सरकारले अब साना र छरिएका योजनाभन्दा ठूला तथा दीर्घकालीन महत्त्वका आयोजनामा केन्द्रित हुने संकेत पनि हो।

यसले राजनीतिक रूपमा लोकप्रिय तर विकासमा सीमित प्रभाव पार्ने कार्यक्रमहरूलाई नियन्त्रण गर्ने प्रयास देखिन्छ। बजेटको अर्को महत्त्वपूर्ण पक्ष मितव्ययिता हो। प्रदेश सरकारले नयाँसवारीसाधन खरिद नगर्ने, प्रशासनिक खर्च घटाउने तथा अनुत्पादक क्षेत्रमा हुने खर्च कटौति गर्ने नीति लिएको छ। संघीयता कार्यान्वयनपछि प्रदेश सरकारमाथि सरकारी साधन-स्रोतको अत्यधिक प्रयोग, सुविधा केन्द्रित सोच तथा प्रशासनिक खर्च बढाएको आरोप लाग्दै आएको थियो। यसपटक सरकारले त्यही आलोचनालाई सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ।

बचत हुने स्रोतलाई विकास निर्माण र पुँजीगत क्षेत्रमा केन्द्रित गर्ने रणनीतिले प्रदेश सरकार आफ्नो प्राथमिकता परिवर्तन गर्न बाध्य भएको सन्देश दिएको छ। बजेटमा चालु खर्चतर्फ १४ अर्ब ६६ करोड रुपैयाँ अर्थात् ३५ दशमलव ६४ प्रतिशत र पुँजीगत खर्चतर्फ २६ अर्ब ४७ करोड रुपैयाँ अर्थात् ६४ दशमलव ३६ प्रतिशत रकम विनियोजन गरिएको छ। प्रदेश सरकारले विकास निर्माण तथा पूर्वाधारलाई प्राथमिकता दिएको दाबी गरे पनि वास्तविक चुनौती भनेको खर्च कार्यान्वयन हो। विगतका वर्षहरूमा पुँजीगत बजेट विनियोजन भए पनि खर्चको दर कमजोर रहने समस्या थियो। त्यसैले यस वर्ष पनि विनियोजनभन्दा बढी कार्यान्वयनको परीक्षा प्रदेश सरकारसमक्ष रहनेछ।

कृषि क्षेत्रलाई हेर्दा सरकारले परम्परागत अनुदान वितरणको शैली परिवर्तनगर्न खोजेको देखिन्छ। वर्षौंदेखि कृषि अनुदान वितरणमा पहुँचवालाले लाभ लिने, वास्तविक किसानसम्म सुविधा नपुग्ने र अनुदानले उत्पादन वृद्धि नगर्ने गुनासो रहँदै आएको थियो। यसपटक डिजिटल किसान कार्डलाई पूर्णता दिने र उत्पादन तथा नतिजामा आधारित अनुदान प्रणाली लागू गर्ने घोषणा गरिएको छ। दूध, माछा, मासु र तरकारी उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्यसहित उत्पादन बढाउने किसानलाई प्रोत्साहन गर्ने नीति लिइएको छ। यसले अनुदानलाई सामाजिक वितरणको माध्यमबाट आर्थिक उत्पादनसँग जोड्ने प्रयास गरेको देखिन्छ।

'उत्पादनशील मधेश, आत्मनिर्भर देश' अभियानअन्तर्गत धान, गहुँ र मकैजस्ता मुख्य बालीको बिउ उत्पादन वृद्धि गर्ने योजना पनि कृषि आत्मनिर्भरताको लक्ष्यसँग जोडिएको छ। उन्नत बिउ खरिदमा अनुदान उपलब्ध गराउने तथा बिउ वृद्धि परियोजना सञ्चालन गर्ने योजनाले मधेशलाई कृषि उत्पादनको केन्द्रका रूपमा विकास गर्ने सरकारी सोच झल्काउँछ।

यद्यपि यी कार्यक्रमको सफलता किसानसम्म सेवा पुग्ने प्रणालीमा निर्भर रहनेछ। महिला सशक्तीकरण र सामाजिक क्षेत्र यस बजेटको अर्को प्राथमिकता बनेका छन्। लामो समयदेखि सञ्चालनमा रहेको 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमलाई नयाँ स्वरूप दिँदै 'शिक्षित छोरी, सुरक्षित मधेश, उद्यमशील नारी, समृद्ध प्रदेश' अवधारणा अघि सारिएको छ। यसले केवल छात्रवृत्ति वा सामाजिक सन्देशमा सीमित नभई महिलालाई सीप, उद्यमशीलता र आर्थिक अवसरसँग जोड्ने प्रयास गरेको देखिन्छ। महिलालाई विभिन्न प्राविधिक तथा व्यावसायिक तालिम प्रदान गर्ने र सहुलियतपूर्ण ऋण उपलब्ध गराउने योजनाले आर्थिक सशक्तीकरणलाई केन्द्रमा राखेको छ। 'मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम' पनि यही सोचको निरन्तरता हो।

स्वास्थ्य क्षेत्रमा सरकारले सेवा व्यवस्थापन सुधारलाई प्राथमिकतामा राखेको छ। प्रदेशभर सञ्चालनमा रहेका एम्बुलेन्समा जीपीएस प्रविधि जडान गर्ने घोषणा यसको उदाहरण हो। नेपालमा धेरै ठाउँमा एम्बुलेन्स सेवा प्रभावकारी व्यवस्थापनको अभावमा आलोचित हुँदै आएको छ। जीपीएस प्रणाली लागू भएपछि बिरामीको अवस्थाअनुसार नजिकको एम्बुलेन्स परिचालन गर्न सहज हुने अपेक्षा गरिएको छ। साथै स्तन क्यान्सर र पाठेघर खस्ने समस्यावाट प्रभावित महिलाका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रमले महिला स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेको देखिन्छ।

बजेटले सुरक्षा क्षेत्रलाई पनि नयाँ ढंगले सम्बोधन गरेको छ। मधेश प्रहरी ऐन ल्याउने र प्रदेशस्तरमा प्रहरी भर्ना अभियान सञ्चालन गर्ने घोषणा संघीय व्यवस्थाभित्र प्रदेशको संस्थागत क्षमता विस्तार गर्ने दिशामा महत्त्वपूर्ण कदम मानिएको छ। प्रदेश सरकारहरूले आफ्ना संवैधानिक अधिकारको पूर्ण उपयोग गर्न नसकेको आलोचनाका बीच मधेश सरकारले आफ्नै सुरक्षा संरचनालाई व्यवस्थित बनाउन खोजेको देखिन्छ।

राजस्वतर्फ पनि सरकारले केही साहसी निर्णय गरेको छ। सवारी कर, मनोरञ्जन कर र घर रजिष्ट्रेशन शुल्क वृद्धि गर्ने तथा ईँटा उद्योगबाट वार्षिक ७५ हजार रुपैयाँ शुल्क असुल गर्ने व्यवस्था गरिएको छ। बजेटको आकार घट्नु र संघीय अनुदानमाथिको निर्भरता कम गर्नुपर्ने आवश्यकता बीच प्रदेश सरकारलेआन्तरिक राजस्व बढाउने प्रयास गरेको देखिन्छ। आगामी वर्ष आन्तरिक राजस्वबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएको छ तर कर वृद्धि र आर्थिक गतिविधिबीच सन्तुलन कायम गर्नु सरकारका लागि चुनौतीपूर्ण रहनेछ।

पर्यटन क्षेत्रलाई हेर्दा सरकारले धार्मिक र सांस्कृतिक सम्पदालाई आर्थिक विकाससँग जोड्ने प्रयास गरेको छ। जानकी मन्दिर, गढीमाई मन्दिर, पर्सा वन्यजन्तु आरक्ष, छिन्नमस्ता भगवती मन्दिर, रौजा मजार र शिवनगर क्षेत्रलाई जोडेर धार्मिक तथा सांस्कृतिक सर्किट निर्माण गर्ने योजना ल्याइएको छ। साथै लुम्बिनी, जनकपुर र अयोध्यालाई जोडेर सीमापार धार्मिक पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ।

भारतसँग खुला सीमा रहेको मधेशका लागि धार्मिक पर्यटन आर्थिक गतिविधि बढाउने सम्भावित क्षेत्र मानिन्छ। आरामदायी बस सेवा सञ्चालनको योजनाले पर्यटन पूर्वाधारलाई थप व्यवस्थित बनाउन खोजेको संकेत दिन्छ। बजेटको सबैभन्दा महत्त्वपूर्ण सन्देश भनेको सीमित स्रोतबीच प्रभावकारी शासनको खोज हो। आन्तरिक राजस्व, राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान र नगद मौज्दातमार्फत स्रोत व्यवस्थापन गर्ने योजना बनाइएको छ। तर स्रोत सीमित भएका बेला प्रत्येक रुपैयाँको प्रभावकारिता बढाउनु नै सरकारको मुख्य चुनौती हुनेछ। त्यसैले यस वर्षको बजेटलाई रकमको आकारले भन्दा पनि सुधारका प्रतिबद्धता, संस्थागत व्यवस्थापन, खर्चको गुणस्तर र कार्यान्वयन क्षमताले मूल्यांकन गरिनेछ।

मधेश सरकारले यसपटक कम बजेट ल्याएको छ, तर अपेक्षा भने ठूलो बनाएको छ। यदि डिजिटल किसान कार्डदेखि एकीकृत बजेट म्यापिङ, जीपीएस एम्बुलेन्स देखि नतिजामा आधारित कृषि अनुदान, महिला स्वरोजगारदेखि धार्मिक पर्यटन सर्किटसम्मका योजना व्यवहारमा कार्यान्वयन हुन सके भने यो बजेट केवल वार्षिक आय-व्ययको विवरणमा सीमित रहने छैन। तर विगतका अनुभव दोहोरिए र घोषणा कागजमै सीमित भए भने बजेटको आकार घटे पनि समस्या भने उस्तै रहनेछ। त्यसैले आगामी आर्थिक वर्ष मधेश प्रदेशका लागि बजेटको होइन, बजेट कार्यान्वयनको वर्ष हुने देखिन्छ।

## अनुदानको मल अनधिकृत बिक्रीमा, प्रशासनको ............

चेतराज बराल, राष्ट्रिय अनुसन्धान विभागका डीएसपी रिजन यादव तथा कृषि सामग्री कम्पनी लिमिटेड, लहानका प्रतिनिधि सम्मिलित टोलीले मल नियन्त्रणमा लिएर त्यसको स्रोत, आपूर्ति प्रक्रिया तथा बिक्री वितरणको अवस्थाबारे अनुसन्धान थालेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार किसानका लागि छुट्याइएको अनुदानको मल अनधिकृत रूपमा बिक्री गर्ने वा कालोबजारीमा संलग्न जोसुकैमाथि पनि प्रचलित कानुनअनुसार कडा कारबाही गरिने चेतावनी दिए। उनले कृषकको हकको मल बजारमा बेच्ने कार्य गम्भीर प्रकृतिको अनियमितता भएको बताए।

धान रोपाइँको समयमा मल अभाव झेलिरहेका कृषकहरूले अनुदानको मल बजारमा बिक्री भइरहेको घटना सार्वजनिक भएपछि चिन्ता व्यक्त गरेका छन्। उनीहरूले दोषीमाथि कडा कारबाही गर्दै किसानसम्म मलको सहज र पारदर्शी पहुँच सुनिश्चित गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

सिरहासहित मधेश प्रदेशका विभिन्न जिल्लामा हरेक वर्ष धान रोपाइँको समयमा रासायनिक मलको अभाव हुने गुनासो रहँदै आएको छ। यस्तो अवस्थामा किसानका लागि अनुदानमा उपलब्ध गराइएको मल नै अनधिकृत रूपमा बजारमा बिक्री भइरहेको भेटिनुले वितरण प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ।

घटनाबारे थप अनुसन्धान जारी रहेको र संलग्न व्यक्ति तथा निकायको पहिचान भएपछि आवश्यक कानुनी प्रक्रिया अघि बढाइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

